Co. Regd. No.: 111548/069/70
NRB License No.: "Gha"/94/075/076

# समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
# Samata Gharelu Laghubitta Bittiya Sanstha Limited

Microfinance

नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "घ" वर्गको संस्था (राष्ट्रियस्तर)

Boosting Agriculture.... Thinking Food Security & Poverty Reduction

च.नं. १८९ /०८२/८३ मिति : २०८२/०९/०९

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाडौं ।

**बिषय : वार्षिक साधारण सभा तथा शेयरधनी दर्ता किताव बन्द (Book Close) रहने जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा, यस वित्तीय संस्थाको मिति २०८२/०९/०८ गते बसेको संचालक समितिको १८३औ बैठकले कम्पनीको बाह्रौ वार्षिक साधारण सभा मिति २०८२/०९/३० गते बुधबारको दिन बिहान ११:३० बजे हिमालय दृश्य रिसोर्ट, धुलिखेल, काभ्रेपलाञ्चोकमा गर्ने निर्णय भएको साथै साधारण सभा तथा बोनस शेयर र नगद लाभांस प्रयोजनको लागि मिति २०८२/०९/१८ गतेको दिन वित्तीय संस्थाको शेयर दर्ता किताव बन्द (Book Close) गर्ने निर्णय भएको व्यहोरा जानकारी गराउँदै बाह्रौ वार्षिक साधारण सभा सम्बन्धी सार्वजनिक सूचनाको प्रतिलिपि यसै साथ संलग्न गरिएको व्यहोरा समेत अनुरोध गर्दछौं ।

**संलग्न :**
वार्षिक साधारण सभा सम्बन्धी प्रकाशित सार्वजनिक सूचनाको प्रतिलिपि ।

भवदीय,

Samata Gharelu Laghubitta Bittiya Sanstha Limited
Estd.2070
Banepa, Kavre

बिश्वराज श्रेष्ठ
कम्पनी सचिव

**बोधार्थ :**
श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाडौं ।
श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, बालुवाटार, काठमाडौं ।
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतलीसडक, काठमाडौं ।
श्री आरबिबि मर्चेन्ट बैकिङ्ग लि., टेकु, काठमाडौं ।

Banepa Municipality I Ward No. 7, Banepa, Kavre I Tel: 011-597000 I E-mail: samata@samata.org.np I www.samata.org.np

# समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
## Samata Gharelu Laghubitta Bittiya Sanstha Limited
Microfinance

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (राष्ट्रियस्तरको)

**केन्द्रीय कार्यालयः** बनेपा-७, काभ्रेपलाञ्चोक, नेपाल, फोन नं.: ०११-५९७०००

इमेलः samata@samata.org.np, वेबसाइटः www.samata.org.np


# बाह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०९/०९ गते**

**आदरणीय शेयरधनी महानुभावहरु,**

मिति २०८२/०९/०८ गते मंगलबारको दिन बसेको सञ्चालक समितिको १८३औ बैंठकको निर्णयानुसार यस वित्तीय संस्थाको बाह्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पुर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सभा हुने मिति, समय र स्थान :

**मिति : २०८२/०९/३० गते बुधवार तदनुसार २०२६ जनवरी १४,**

**समय : बिहान ११:३० बजे,**

**स्थान : हिमालय दृश्य रिसोर्ट, धुलिखेल, काभ्रेपलाञ्चोक**

## छलफल तथा निर्णयका लागि निर्धारित बिषयसूची

**क. सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो सँग सम्वन्धित अनुसूचिहरु पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(२) तथा कम्पनी ऐन, २०६३ को दफा १११(३) अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम संस्थाको आर्थिक वर्ष २०८२/०८३ को बाह्य लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. आर्थिक बर्ष २०८२/०८३ को वार्षिक कार्यक्रम, योजना तथा बजेट उपर छलफल तथा अनुमोदन गर्ने ।

५. सञ्चालक समितिद्वारा संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने एक जना रिक्त सञ्चालक नियुक्त गर्ने सम्बन्धमा गरिएको निर्णय अनुमोदन गर्ने ।

६. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८१/०८२ सम्मको वितरणयोग्य मुनाफाबाट हाल कायम कुल चुक्ता पूँजी रु. ६२,९०,५१,५६४/- को ०.२६३२ प्रतिशत (दशमलव पछिको चार अंक मात्र लिइएको) ले हुन आउने रकम (कर प्रयोजनको लागि) रु. १६,५५,३९८.८५ (अक्षरेपी सोह्र लाख पचपन्न हजार तिन सय अन्ठानव्वे दशमलव आठ पाँच मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**ख. विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८१/०८२ सम्मको वितरणयोग्य मुनाफाबाट हाल कायम कुल चुक्ता पूँजी रु. ६२,९०,५१,५६४/- को ५ प्रतिशतले हुन आउने रकम रु. ३,१४,५२,५७८.२३ (अक्षरेपी तिन करोड चौध लाख बाउन्न हजार पाच सय अठहत्तर दशमलव दुई तिन मात्र) बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

२. कारोबार सञ्चालनको दस वर्ष पुरा गरेका साविक समता लघुवित्त अन्तर्गतका संस्थापक शेयरधनीहरूको गत वर्ष गरिएको पहिलो परिवर्तन पछि बाँकी रहन गएको संस्थापक शेयरहरूलाई नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति अनुसार सर्वसाधारण शेयरमा रूपान्तरण गरी पुँजी संरचना अनुपात संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।

३. अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिशन) सम्वन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र गाभ्ने/गाभिने वा प्राप्ति सम्वन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन र सो संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सूझाव भएमा सोही बमोजिम गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

**ग. विविध :**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी अन्य जानकारी :

१. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले सभाको दिन सभा हुने स्थानमा उपस्थित भई त्यहाँ राखिएको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिनको बिहान १०:३० बजेदेखि सभा सञ्चालन रहेसम्म खुल्ला रहनेछ ।

२. वार्षिक साधारण सभा, बोनस शेयर तथा नगद लाभांस प्रयोजनको लागि संस्थाको शेयर दाखिला खारेजको काम मिति २०८२/०९/१८ गते बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/०९/१७ गते सम्म कारोवार भई संस्थाको शेयरधनी दर्ता कितावमा अभिलेख कायम रहेका शेयरधनीहरुले सो सभामा भाग लिन तथा बोनस शेयर नगद लाभांस पाउन योग्य हुनेछन् ।

३. शेयरधनी महानुभावहरुको सुविधालाई ध्यानमा राखी वार्षिक साधारण सभाको सूचना सहितको वार्षिक प्रतिवेदन कार्यालय समय भित्र यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बनेपा, काभ्रेपलाञ्चोकबाट वा वित्तीय संस्थाको वेबसाइट www.samata.org.np बाट प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ । सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचय पत्र) सभा हुने दिन अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनरोध छ ।

४. साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सम्बन्धित समूह कै शेयरधनीको नाममा प्रतिनिधी पत्र (प्रोक्सी फाराम) भरी केन्द्रीय कार्यालय, बनेपा, काभ्रेपलाञ्चोकमा सभा शुरू हुनुभन्दा कम्तिमा ९६ घण्टा अगाडि दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि नियुक्त गरिएको व्यक्ति वित्तीय संस्थाको सम्वन्धित समूहको शेयरधनी हुनु आवश्यक छ। प्रतिनिधी (प्रोक्सी) नियुक्त गरी सक्नुभएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा यस अघि दिइएको प्रोक्सी स्वतः बदर हुनेछ ।

५. प्रतिनिधी मुकर्रर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधी एकै व्यक्तिलाई गर्नु पर्दछ । एकै शेयरधनीले एक भन्दा बढि प्रतिनिधी मुकर्रर गरेमा जुन प्रोक्सी वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।

६. प्रतिनिधि मुकर्रर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रोक्सी नियुक्त नगरी केहि शेयर आफैले राखी सभामा स्वयं शेयरधनी उपस्थित भएमा उक्त मुकर्रर गरिएको प्रतिनिधि स्वतः बदर हुनेछ । प्रतिनिधि मुकर्रर गरिएको शेयरको प्रोक्सी नियुक्त बदर गरिपाऊँ भनी शेयरधनीले निवेदन पेश गरेको अवस्थामा उक्त शेयरधनी स्वयं उपस्थित नभएमा समेत उक्त मुकर्रर गरिएको प्रतिनिधि स्वतः बदर हुनेछ, पछिल्लो प्रतिनिधि कायम हुनेछ ।

७. नाबालक शेयरधनीको तर्फबाट वित्तीय संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधी तोक्न सक्नु हुनेछ ।

८. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्वन्धमा संचालक समितिको तर्फबाट सामुहिक रुपले अध्यक्ष वा अध्यक्षबाट अख्तियारी पाएका व्यक्ति/पदाधिकारीले जवाफ दिन सक्नेछन् ।

९. छलफलको विषय अन्तर्गत विविध शीर्षक सम्वन्धमा शेयरवाला महानुभावहरुले छलफल गर्न चाहनु भएको विषय बारेमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ दिन अघि वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय मार्फत वित्तीय संस्थाको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनुपर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

१०. उक्त सभामा कुनै छलफलको विषय अन्तर्गत छलफल गर्नुपरेमा कुल शेयर पुँजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनी महानुभावहरुले स्वीकृती दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नभएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।

११. कम्पनी ऐन २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवदेन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयबाट उपलव्ध हुनेछ ।

१२. साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बनेपा, काभ्रेपलाञ्चोकको फोन नं. ०११-५९७००० सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

## NIRJHAR SAVING & CREDIT CO-OPERATIVE LTD.
## निर्झर बचत तथा ऋण सहकारी संस्था लि.

काठमाण्डौ महानगरपालिका-११ त्रिपुरेश्वर
फोन न. ५३२८५३९, ५३३१४२७

### १८औं वार्षिक साधारणसभा सम्बधी सूचना

**सूचना प्रकाशित मितिः २०८२/०९/०९**

**आदरणीय शेयर सदस्य महानुभावहरु,**

सञ्चालक समितिको मिति २०८२/०९/०७ गतेको निर्णयानुसार यस संस्थाको १८औं वार्षिक साधारणसभा तपशिलमा उल्लिखित विपयहरूमा छलफल गरी निर्णय गर्नका लागि सम्पूर्ण सदस्य महानुभावहरूलाई निम्न मिति र समयमा हुने साधारणसभामा सहभागिताका लागि हार्दिक अनुरोध गर्दछौं ।

**सभामा छलफल हुने विषय**

१. सञ्चालक समितिको प्रतिवेदन सम्वन्धमा ।
२. लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्वन्धमा
३. लेखा परिक्षकको प्रतिवेदनसहितको आर्थिक वर्ष २०८१/२०८२ को वित्तीय विवरणहरू सम्बन्धमा ।
४. आर्थिक वर्ष २०८२/२०८३ का लागि लेखा परिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
५. निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयरधनी सदस्यहरू र सञ्चालन समितिको तर्फवाट प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
६. विविध

**समापन कार्यक्रम**

**मिति** : २०८२ पौष ३० गते बुधवार
**समय** : बिहान १०:०० बजे शुभारम्भ
**स्थान** : संस्थाको कार्यालय त्रिपुरेश्वर प्लाजा, पहिलो तल्ला, काठमाडौं
**फोन नं.** : ०१-५३२८५३९, ५३३१४२७

**सञ्चालक समितिको आज्ञाले**

# चितवनमा सुन्तला महोत्सव तथा फुड फेष्टिबल हुँदै

चितवन (अस) । चितवनको इच्छाकामना गाउँपालिकास्थित मुग्लिन बजारमा 'दोस्रो इच्छाकामना सुन्तला महोत्सव तथा फुड फेस्टिबल २०८२' हुने भएको छ । स्वदेशी सुन्तलाको प्रवर्द्धन र स्थानीय परिकारको प्रवर्द्धन गर्ने उद्धेश्यसहित महोत्सव गर्न लागिएको हो । चितवन उद्योग संघ इच्छाकामना समिति र होटल व्यवसायी संघ इच्छाकामना एकाइ समितिको संयुक्त आयोजनामा महोत्सव गर्न लागिएको हो ।



पुस ११ देखि १५ गतेसम्म सञ्चालन हुने महोत्सवले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गर्न टेवा पुग्ने विश्वास आयोजकको छ । प्रदर्शनीमा ५० भन्दाबढी स्टल रहने चितवन उद्योग संघ इच्छाकामना समितिका अध्यक्ष रामहरि कँडेलले जानकारी दिए । उनका अनुसार महोत्सवमा इच्छाकामनाका १०० जना सुन्तला उत्पादन गर्ने किसानले आफ्नो उत्पादनको प्रत्यक्ष लाभ लिनेछन् । स्थानीय कला, संस्कृति र परम्पराको संरक्षण तथा सम्वर्द्धन हुने तथा स्थानीयस्तरमा आपसी भाइचारा र व्यावसायिक सञ्जाल निर्माण भई सम्बन्ध विस्तार हुने आयोजकको भनाइ छ ।

इच्छाकामना गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरुङले सुन्तला उत्पादनबाट वार्षिक यस क्षेत्रका जनताले रू. ९ करोडदेखि १० करोडको कारोबार गर्ने लक्ष्य रहेको बताए । पछिल्लो समय केही बगैंचा नष्ट भएका कारण उत्पादनमा गिरावट आएको देखिएको उनले जानकारी दिए। सुन्तलाका बगैंचा जोगाउन र नयाँ क्षेत्र विस्तार गर्न प्रत्येक वर्ष बीउबाट उत्पादन गरिएको सुन्तलाका बिरुवा वितरण गरिँदै आइएको छ । नयाँ प्रविधियुक्त सामग्रीको वितरण, टिपाइ, गोडमेल, गोठेमल तथा सिँचाइ व्यवस्थापनमा आवश्यक सहयोग गाउँपालिकाले गर्दै आएको उनले बताए ।

गाउँपालिकामा विभिन्न प्रकारका पर्यटकलाई आकर्षित गर्न सक्ने सम्भावना बोकेको क्षेत्र भएकाले यसको प्रचारप्रसारका लागि महोत्सव आयोजना गरिएको उनले बताए। धार्मिकस्थल तथा प्राकृतिक रूपमा मनमोहक स्थान यहाँ रहेका छन् । त्यसले आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्न मद्दत पुऱ्याउन सक्ने उनले विश्वास व्यक्त गरे। मुग्लिन बजार क्षेत्रमा हुने महोत्सवले स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न सहयोग पुग्ने उनले बताए। चितवन उद्योग संघका अध्यक्ष मदन घिमिरेले सुस्ताएको व्यवसायलाई गतिदिन यस्ता महोत्सवले मद्दत पुग्ने बताए ।

## अरुण भ्याली हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड

ESTD. 1997 A.D.

को

### २८औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस कम्पनीको मिति २०८२/०९/०८ मा बसेको सञ्चालक समितिको बैठक संख्या २७-०९ को निर्णय अनुसार कम्पनीको अठ्ठाईसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरूको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८२ पुष ३० गते बुधबार (14th January, 2026)
**समय** : विहान ११:०० बजे ।
**स्थान** : होटल क्रिस्टल पशुपती, गौशाला, काठमाडौं ।

**छलफल तथा निर्णयका लागि निर्धारित विषय सूची**

**(क)सामान्य प्रस्ताव :**

१. अध्यक्षज्यूको मन्तव्य सहित अठ्ठाईसौं वार्षिक साधारण सभा (आ.ब. २०८१/०८२) को प्रयोजनको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरूमा छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/०८३ का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.ब. २०८१/०८२ सम्मको संचित मुनाफाबाट हाल कायम रहेको चुक्ता पूँजीको ०.२६३ प्रतिशतले हुन आउने नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
५. कम्पनीको लगानी भएका आयोजनाहरुमा कर्पोरेट ग्यारेन्टी दिने सम्बन्धमा ।
६. संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

**(ख)विशेष प्रस्ताव :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.ब. २०८१/०८२ सम्मको संचित मुनाफाबाट हाल कायम रहेको चुक्ता पूँजीको ५ प्रतिशतले हुन आउने रकम बराबरको बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्वन्धमा ।
२. वोनश शेयर जारी गर्दा खण्डिकृत भएमा खण्डिकृत शेयर सम्बन्धित शेयरधनीको नाममा जगेडा राख्ने सम्बन्धमा ।
३. वोनश शेयर वितरण पश्चात कम्पनीको जारी तथा चुक्ता पूँजी बृद्धि हुने भएकाले कम्पनीको प्रबन्धपत्र तथा नियमावलीका आवश्यक दफाहरु संशोधन गर्ने सम्बन्धमा ।
४. अरुण भ्याली हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेडले निर्माण गर्न लागेको माथिल्लो काबेली-२ जलविद्युत आयोजना (१५.०० मे.वा.) र बुदुम खोला जलविद्युत आयोजना (१४.५० मे.वा.) को लागि ऋण लगानी स्वीकृत गर्ने सम्बन्धमा ।
५. कम्पनीको नियमावली तथा प्रबन्धपत्रमा आवश्यक संशोधन गरि कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्विकृत लिने क्रममा आवश्यक थपघट वा परिमार्जन गर्नु परेमा सो गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ग) विविध**

**वार्षिक साधारण सभा सम्बन्धी जानकारीहरुः**

**साधारण सभा सम्बन्धि सामान्य जानकारीहरु :**

१) शेयरधनीहरुको दस्तखतको लागि शेयरधनी उपस्थिति पुस्तिका विहान १०:०० बजेबाट खुल्ला गरिनेछ ।
२) साधारण सभामा उपस्थित हुने शेयरधनीहरूले आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको कुनै प्रमाण पत्र वा हितग्राही खाता (Demat Account Statement) खोली शेयरको अभौतिकरण गरिएको विवरण देखिने (Demat Account Statement) वा साथमा शेयर प्रमाण पत्र लिई सभामा भाग लिन हुन अनुरोध छ ।
३) २८ औं वार्षिक साधारण सभा प्रयोजनको लागी मिति २०८२ पुष १८ गते एक दिनका लागि शेयरधनी दर्ता किताव बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/०९/१७ गते सम्म कारोबार भई म्याद भित्र यस कम्पनीको शेयर रजिष्ट्रार मुक्तीनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन र आ.व. २०८१/०८२ को बोनश तथा नगद लाभांश पाउन योग्य हुनेछन ।
४) साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गर्नु पर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा वा निर्वाचनमा भाग लिएमा प्रतिनिधि पत्र स्वतः बदर हुनेछ ।
५) एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।
६) सञ्चालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले तल दफा ७ र ८ मा उल्लेख भए बमोजिम कम्पनीको प्रधान कार्यालय, थापाथली, काठमाडौंमा प्रकाशित निर्वाचन सम्बन्धी कार्यक्रमको सूचनामा उल्लेखित मितिमा निर्धारित समय भित्र कम्पनीको शेयरधनीहरु मध्ये एकजना शेयरधनी प्रस्तावक र अर्को एकजना शेयरधनी समर्थक सहित तोकिएको ढाँचा बमोजिम आफ्नो उम्मेदवारीको दरखास्त दर्ता गर्नु पर्नेछ । उम्मेदवारीबाट आफ्नो नाम फिर्ता लिन चाहेमा समेत सोही निर्वाचन सम्बन्धी कार्यक्रम बमोजिम आफ्नो नाम फिर्ता लिन दरखास्त दर्ता गर्नु पर्नेछ। सञ्चालक पदमा उम्मेदवारी दिने शेयरधनी अन्य उम्मेदवारको प्रस्तावक वा समर्थक हुन सक्ने छैन ।
७) कम्पनीको सञ्चालक निर्वाचन निर्देशिका, २०८२ शेयरधनीहरुले यस कम्पनीको प्रधान कार्यालय, थापाथली, काठमाण्डौबाट प्राप्त गर्न सक्नेछन् । सञ्चालक निर्वाचनको विस्तृत कार्यक्रम निर्वाचन अधिकृतको कार्यालय, (यस कम्पनीको प्रधान कार्यालय) ट्रेडटावर नेपाल, थापाथलीमा प्रकाशित हुने भएकोले त्यस सम्वन्धमा थप जानकारी राख्न ईच्छुक शेयरधनी तथा उम्मेदवारले कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ। निर्वाचन सम्बन्धी अन्य जानकारी तथा कार्यक्रम सम्बन्धी सूचना २०८२ पुष २२ गतेका दिन कम्पनीको प्रधान कार्यालयको सूचना पाटीमा टाँसिने छ ।
८) सञ्चालक पदको निर्वाचनमा उम्मेदवार हुने शेयरधनीले कम्पनीको नियमावली बमोजिम कम्तीमा १०० कित्ता शेयर लिई प्रचलित कानून बमोजिम सञ्चालक हुन योग्य रहेको हुनु पर्नेछ ।
९) कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरू मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्य दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनु पर्नेछ। तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ ।
१०)२८औं वार्षिक साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय दोस्रो तल्ला, ट्रेड टावर नेपाल, थापाथली, काठमाण्डौ वा शेयर रजिष्ट्रार मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंमा सम्पर्क गर्न सकिनेछ । थप जानकारीको लागि कम्पनीको वेवसाइट www.arunhydro.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
## Samata Gharelu Laghubitta Bittiya Sanstha Limited

Microfinance

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (राष्ट्रियस्तरको)
**केन्द्रीय कार्यालयः** बनेपा-७, काभ्रेपलाञ्चोक, नेपाल, फोन नं.: ०११-५९७०००
इमेलः samata@samata.org.np, वेबसाइटः www.samata.org.np

### बाह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०९/०९ गते**

**आदरणीय शेयरधनी महानुभावहरु,**

मिति २०८२/०९/०८ गते मंगलबारको दिन बसेको सञ्चालक समितिको १८३औ बैंठकको निर्णयानुसार यस वित्तीय संस्थाको बाह्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पुर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति : २०८२/०९/३० गते बुधवार तदनुसार २०२६ जनवरी १४,**
**समय : बिहान ११:३० बजे,**
**स्थान : हिमालय दृश्य रिसोर्ट, धुलिखेल, काभ्रेपलाञ्चोक**

**छलफल तथा निर्णयका लागि निर्धारित बिषयसूची**

**क. सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो सँग सम्वन्धित अनुसूचिहरु पारित गर्ने ।
३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(२) तथा कम्पनी ऐन, २०६३ को दफा १११(३) अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम संस्थाको आर्थिक वर्ष २०८२/०८३ को बाह्य लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. आर्थिक बर्ष २०८२/०८३ को वार्षिक कार्यक्रम, योजना तथा बजेट उपर छलफल तथा अनुमोदन गर्ने ।
५. सञ्चालक समितिद्वारा संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने एक जना रिक्त सञ्चालक नियुक्त गर्ने सम्बन्धमा गरिएको निर्णय अनुमोदन गर्ने ।
६. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८१/०८२ सम्मको वितरणयोग्य मुनाफाबाट हाल कायम कुल चुक्ता पूँजी रु. ६२,९०,५१,५६४/- को ०.२६३२ प्रतिशत (दशमलव पछिको चार अंक मात्र लिइएको) ले हुन आउने रकम (कर प्रयोजनको लागि) रु. १६,५५,३९८.८५ (अक्षरेपी सोह्र लाख पचपन्न हजार तिन सय अन्ठानव्वे दशमलव आठ पाँच मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**ख. विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८१/०८२ सम्मको वितरणयोग्य मुनाफाबाट हाल कायम कुल चुक्ता पूँजी रु. ६२,९०,५१,५६४/- को ५ प्रतिशतले हुन आउने रकम रु. ३,१४,५२,५७८.२३ (अक्षरेपी तिन करोड चौध लाख बाउन्न हजार पाच सय अठहत्तर दशमलव दुई तिन मात्र) बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।
२. कारोबार सञ्चालनको दस वर्ष पुरा गरेका साविक समता लघुवित्त अन्तर्गतका संस्थापक शेयरधनीहरूको गत वर्ष गरिएको पहिलो परिवर्तन पछि बाँकी रहन गएको संस्थापक शेयरहरूलाई नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति अनुसार सर्वसाधारण शेयरमा रूपान्तरण गरी पुँजी संरचना अनुपात संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।
३. अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिशन) सम्वन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र गाभ्ने/गाभिने वा प्राप्ति सम्वन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।
४. वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन र सो संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

**ग. विविध :**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी अन्य जानकारी :**

१. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले सभाको दिन सभा हुने स्थानमा उपस्थित भई त्यहाँ राखिएको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिनको बिहान १०:३० बजेदेखि सभा सञ्चालन रहेसम्म खुल्ला रहनेछ ।
२. वार्षिक साधारण सभा, बोनस शेयर तथा नगद लाभांस प्रयोजनको लागि संस्थाको शेयर दाखिला खारेजको काम मिति २०८२/०९/१८ गते बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/०९/१७ गते सम्म कारोवार भई संस्थाको शेयरधनी दर्ता कितावमा अभिलेख कायम रहेका शेयरधनीहरुले सो सभामा भाग लिन तथा बोनस शेयर नगद लाभांस पाउन योग्य हुनेछन् ।
३. शेयरधनी महानुभावहरुको सुविधालाई ध्यानमा राखी वार्षिक साधारण सभाको सूचना सहितको वार्षिक प्रतिवेदन कार्यालय समय भित्र यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बनेपा, काभ्रेपलाञ्चोकबाट वा वित्तीय संस्थाको वेबसाइट www.samata.org.np बाट प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ । सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचय पत्र) सभा हुने दिन अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनरोध छ ।
४. साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सम्बन्धित समूह कै शेयरधनीको नाममा प्रतिनिधी पत्र (प्रोक्सी फाराम) भरी केन्द्रीय कार्यालय, बनेपा, काभ्रेपलाञ्चोकमा सभा शुरू हुनुभन्दा कम्तिमा ९६ घण्टा अगाडि दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि नियुक्त गरिएको व्यक्ति वित्तीय संस्थाको सम्वन्धित समूहको शेयरधनी हुनु आवश्यक छ। प्रतिनिधी (प्रोक्सी) नियुक्त गरी सक्नुभएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी कितावमा दस्तखत गर्नु भएमा यस अघि दिइएको प्रोक्सी स्वतः बदर हुनेछ ।
५. प्रतिनिधी मुकर्रर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधी एकै व्यक्तिलाई गर्नु पर्दछ । एकै शेयरधनीले एक भन्दा बढि प्रतिनिधी मुकर्रर गरेमा जुन प्रोक्सी वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।
६. प्रतिनिधि मुकर्रर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रोक्सी नियुक्त नगरी केहि शेयर आफैले राखी सभामा स्वयं शेयरधनी उपस्थित भएमा उक्त मुकर्रर गरिएको प्रतिनिधि स्वतः बदर हुनेछ । प्रतिनिधि मुकर्रर गरिएको शेयरको प्रोक्सी नियुक्त बदर गरिपाऊँ भनी शेयरधनीले निवेदन पेश गरेको अवस्थामा उक्त शेयरधनी स्वयं उपस्थित नभएमा समेत उक्त मुकर्रर गरिएको प्रतिनिधि स्वतः बदर हुनेछ, पछिल्लो प्रतिनिधि कायम हुनेछ ।
७. नाबालक शेयरधनीको तर्फबाट वित्तीय संस्थाको शेयर लगत कितावमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधी तोक्न सक्नु हुनेछ ।
८. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्वन्धमा संचालक समितिको तर्फबाट सामुहिक रुपले अध्यक्ष वा अध्यक्षबाट अख्तियारी पाएका व्यक्ति/पदाधिकारीले जवाफ दिन सक्नेछन् ।
९. छलफलको विषय अन्तर्गत विविध शीर्षक सम्वन्धमा शेयरवाला महानुभावहरुले छलफल गर्न चाहनु भएको विषय बारेमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ दिन अघि वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय मार्फत वित्तीय संस्थाको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनुपर्नेछ। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।
१०. उक्त सभामा कुनै छलफलको विषय अन्तर्गत छलफल गर्नुपरेमा कुल शेयर पुंजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनी महानुभावहरुले स्वीकृती दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नभएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।
११. कम्पनी ऐन २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवदेन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयबाट उपलव्ध हुनेछ ।
१२. साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बनेपा, काभ्रेपलाञ्चोकको फोन नं. ०११-५९७००० सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

# धादिङका युवा सुन्तला टिप्न म्याग्दीमा

म्याग्दी । सुन्तला टिप्ने काम खोज्दै धादिङका युवा म्याग्दी आएका छन् । विद्यालय र क्याम्पस तहका उनीहरू पढाइ र घरखर्च चलाउन कामको खोजीमा सुन्तला टिप्न यहाँका बगैंचामा आएका हुन् । मङ्सिर, पुस र माघमा यहाँका बगैंचामा सुन्तला टिप्न तथा भदौ, असोज र कात्तिकमा उनीहरू मुस्ताङमा स्याउ टिप्छन् ।

झण्डै २० जनाको समूहमा गाउँकै ठेकेदार मार्फत बेनी नगरपालिका-४ बास्कुनामा सुन्तला टिप्न आएका धादिङको रुबीभ्याली गाउँपालिका-५ रिका दिलीप घलेले सुन्तला टिप्ने कामबाट मौसमी रोजगारी मिलेको बताए । 'पढाइ र घरखर्च चलाउने पैसा जुटाउन सुन्तला टिप्न आएको हो,' उनले भने, 'तीन महीना काम गरेपछि घर फर्किएर ११ कक्षाको पढाइ निरन्तरता दिने हो ।'



यहाँका बगैंचामा सुन्तला टिप्न आउनेमा अधिकांश धादिङ र गोरखाका मजदुर छन्। जिल्लाभर २०० भन्दा बढीले सुन्तला टिप्ने रोजगारी पाएका बताइएको छ । यहाँका बगैंचामा फलेका सुन्तला टिप्ने र बजार पठाउन हिजोआज किसान तथा मजदुरलाई भ्याइनभ्याइ छ । सुन्तला टिप्दा उनीहरूले खाना खाएर मासिक १५ देखि २० हजार र दैनिक ७०० देखि ८०० रूपैयाँ ज्याला पाउने गरेका छन् ।

बोटमा सुन्तला टिप्ने, ग्रेडिङ, गाडीमा लोड र अनलोड गर्न मजदुरको आवश्यकता पर्छ । सुन्तलाखेती गरेका किसानका साथै स्थानीय र अन्य जिल्लाका मजदुरहरूलाई रोजगारी मिलेको बेनी-३ राखुकी भविकला रानाले बताइन् ।

गतवर्ष म्याग्दीबाट ३३ करोड मूल्य बराबरको चार हजार ७८१ मेट्रिक टन सुन्तला विक्री भएको थियो । जिल्लाभर ८१० हेक्टर क्षेत्रफलमा सुन्तला खेती भएकामा ४२५ हेक्टरमा फल लाग्ने गरेको कृषि विकास कार्यालयले जनाएको छ ।

कार्यालय प्रमुख सञ्जिव बास्तोलाले यस वर्ष पनि गतवर्षको मात्रामा सुन्तला उत्पादन हुने अनुमान गरिएको बताए । राखु, मरेक, सुर्केमेला, बरङ्जा, भेडाबारी, अर्मन, रुन्मा, बिम, ओखरबोट, ताकम, घतान, पिप्ले, भगवती, बेग, दोवा, दोसल्ले, घार, भुरुङ तातोपानी, दाना र नारच्याङमा २०० भन्दा बढी सुन्तला बगैंचा छन् ।

जिल्ला सदरमुकाम बेनीका साथै राजधानी काठमाडौं, पोखरा, मुग्लिन लगायतका बजारमा सुन्तला विक्री हुने गरेको छ । यातायात सुविधा भएकाले व्यापारी सुन्तला किन्न गाडी लिएर बगैंचामै आउने गरेका छन् । *रासस*

# धारापानी-ताकम-शिवाङ-झिनडाँडा सडक खण्ड स्तरोन्नति तीव्र

म्याग्दी । यहाँको दरवाङ-मुना-ढोरपाटन सडक योजनाअन्तर्गत धवलागिरि गाउँपालिका-७ धारापानी-ताकम-शिवाङ-झिनडाँडा खण्ड स्तरोन्नति योजनाको ७१ प्रतिशत भौतिक प्रगति भएको छ । यो म्याग्दीको रणनीतिक महत्वको र प्राथमिकताप्राप्त सडक आयोजना हो। मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको विकल्प मानिएको बेनी-दरवाङ-धारापानी-ताकम-मुना-जलजला-ढोरपाटन सडकअन्तर्गत धारापानीदेखि झिनडाँडा खण्डमा ढलान, कालोपत्र र ग्राभेल गर्न लागिएको हो ।

कार्यालयका प्रमुख सिनियर डिभिजनल इञ्जिनियर डा. महेन्द्र बानियाँका अनुसार दुई वर्षमा सम्पन्न गर्ने लक्ष्यसहित २०८१ साल जेठ २० गते निर्माण कम्पनीले रू. १४ करोड ६१ लाखमा पूर्वाधार विकास कार्यालयसँग ठेक्का सम्झौता गरेको थियो । हालसम्म ७१ प्रतिशत भौतिक प्रगति भएको योजनाको ताकम खण्डमा करीब नौ सय मिटर प्रिमिक्स कालोपत्रको तयारी भएकाले ठेकेदारले संरचना निर्माण सकेर बेस र सबबेस बिछ्याएको छ ।

६ किलोमिटर दूरीमा सडकलाई फरालिको बनाउने, नाली र पर्खाल निर्माण अन्तिम चरणमा पुगेको छ। धारापानीमा २०६६ सालमा सडक पुगेको थियो । यो सडक धवलागिरि गाउँपालिकाका पाँचओटा वडाका बासिन्दाले प्रयोग गर्ने प्रमुख मार्ग हो ।

सडक स्तरोन्नतिको कामले गति लिएपछि स्थानीयवासी उत्साहित भएका धवलागिरि गाउँपालिका-७ का वडाध्यक्ष अशोक खत्रीले जानकारी दिए। आठ मिटरका दरले सडक फराकिलो पार्ने, नाली र टेवा पर्खाल निर्माण अन्तिम चरणमा पुगेको सडक चालू आर्थिक वर्षभित्रै सम्पन्न गरिने निर्माण कम्पनीले जनाएको छ ।

यो सडक यसअघि चारदेखि पाँच मिटर फराकिलो थियो। यो सडक आयोजनाअन्तर्गत दरवाङ-धारापानी (सात किलोमिटर) र मच्छिम-मुना (चार किलोमिटर) अक्सफाल्ट प्रविधिको कालोपत्र र ढलान गर्न रू. ५८ करोड ८० लाख ५३ हजारमा ठेक्का सम्झौता भएको अर्को योजना पनि निर्माण शुरू भएको म्याग्दी १ (ख) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशम जुग्जालीले बताए ।

गत असारमा सम्झौता भएको यस योजनाको ठेक्का अवधि २७ महीनाको छ । म्याग्दीको मङ्गला मालिका, धवलागिरि गाउँपालिकाका साथै बागलुङको ढोरपाटन र पूर्वीरुकुमका बासिन्दालाई पोखरा-काठमाडौं जावतजावत गर्न ७० किलोमिटर छोटो पर्ने भएकाले यसलाई रणनीतिक महत्वको मानिएको जुग्जालीले बताए। धवलागिरिको केन्द्र मुनादेखि खोरिया, मरेनी हुँदै ढोरपाटनको जलजला गत असारमा सडकले जोडिएको थियो । ढोरपाटनदेखि जलजलासम्म यसअघि नै सडक निर्माण भइसकेको छ । *रासस*